प्रधानमन्त्री

काठमाडौं, नेपाल ।

# शुभकामना

प्रत्येक वर्ष मार्च ८ मा मनाउँदै आइएको अन्तर्राष्ट्रिय महिला दिवस, २०८२ फागुन २४ मा **'Right Justice Action For All Women and Girls'** अन्तर्राष्ट्रिय नारा तथा **सबै महिला र बालिकाको लागि अधिकार, न्याय र कार्यसहितको अवसर** भन्ने राष्ट्रिय मूल नाराका साथ मनाउन लागिएकोमा मलाई खुसी लागेको छ। यस महत्वपूर्ण अवसरमा सम्पूर्ण महिला दिदीबहिनी, महिला अधिकारकर्मीलगायत यस क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्था, नागरिक समाज र सबै सरोकावालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालको संविधानले महिलाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरी रोजगारी, समान ज्याला, पैत्रिक सम्पत्ति लगायतका विषयमा समान लैंगिक हकको सुनिश्चित गरेको छ। यसैगरी महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने सम्बन्धी महासन्धिको नेपाल पक्ष राष्ट्रको रूपमा रही आवश्यक नीतिगत, कानुनी सुधार सहितका विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन्। महिलाको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अधिकारलाई अधिकतम रुपमा सम्बोधन गर्ने विषय नेपाल सरकारको उच्च प्राथमिकतामा छ।

महिला सशक्तीकरणका लागि स्वःजागरण, चेतना अभिवृद्धि, सीप, विकास, दक्षता तथा क्षमता अभिवृद्धिका साथै आर्थिक सबलीकरण महत्त्वपूर्ण पक्ष हो। त्यसैले महिलाहरूको उद्यमशीलता अभिवृद्धिमार्फत आर्थिक सशक्तीकरण गर्न जरूरी छ। मुलुकको समृद्धिमा महिलाको योगदानको अपरिहार्यतालाई आत्मसात् गरी सामाजिक संघ-संगठनमा महिलाको सहभागिता, संलग्नता र भूमिका अभिवृद्धि हुँदै गएको छ।

संघीय संरचनामा तीनवटै तहका सरकार, निजी क्षेत्र, गैरसरकारी क्षेत्र तथा सरोकारवाला निकायबाट पर्याप्त मात्रामा महिला विकास र सशक्तीकरणको लागि लगानी अभिवृद्धि गर्नु आवश्यक छ। महिलामा गरिने लगानीले लैङ्गिक समानतामूलक राष्ट्र निर्माणमा मद्दत पुऱ्याउँछ। यसैले महिलाको शिक्षा, स्वास्थ्य, रोजगारी, जीविकोपार्जनमा सुधारका साथै सामाजिक सुरक्षा, पूर्वाधार संरचना तथा प्रविधिमा पहुँच बढाउनका लागि लक्षित कार्यक्रमहरुमा गरिने लगानीलाई थप प्रभावकारी बनाउनु आवश्यक छ। सबै क्षेत्रमा महिलाको गुणस्तरीय सहभागिता, प्रतिनिधित्वसहित नेतृत्व विकासमा जोड दिंदै महिलाविरूद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गर्न परिवार तहदेखि नै अभियान चाल्नुपर्ने आवश्यकता छ।

अन्त्यमा, ११६औं अन्तर्राष्ट्रिय महिला दिवस, २०८२ को अवसरमा सम्पूर्ण सरोकारवाला निकायहरूलाई महिला सहभागिता, सशक्तीकरण, समानता, प्रतिनिधित्व एवम् क्षमता विकासका लागि आ-आफ्नो तर्फबाट जिम्मेवार भई कार्य गर्न थप ऊर्जा र प्रेरणा मिलोस् भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दछु।

सुशीला कार्की

फागुन, २०८२
ने.सं. ११४६